मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

०११४१२११२
०११४१२११३
०११४१२११४
Kavrepalanchok
३ नं प्रदेश
3 No. Province, Nepal

पत्र संख्या : २०७५/०७६
चलानी नं. :- १४५०

मितिः २०७६/२/३०

# सूचना ! सूचना !! सूचना !!!

**विषयः टिपर, ट्याक्टर सञ्चालनमा रोक लगाइएको अत्यन्त जरुरी सूचना।**

बर्षातको समयमा टिपर, ट्याक्टर जस्ता सवारी साधनहरु जथाभावी सञ्चालन गर्दा निर्माणाधिन सडकहरुमा अधिक क्षति हुने कुरालाई मध्यनजर राखी नगर कार्यपालिकाको मितिः २०७६/०२/२६ को निर्णयानुसार राष्ट्रिय राजमार्ग बाहेक अन्य यस नगरपालिकाको क्षेत्र भित्रका सडकहरुमा मिति : २०७६/०३/०१ देखि २०७६/०५/३० सम्म टिपर, ट्याक्टरहरु सञ्चालन गर्न रोक लगाइएको छ। यस सूचनालाई बेवास्ता गरी सञ्चालन गरेमा निम्नानुसार जरिवाना हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

<u>तपसिल</u>

१. टिपर प्रति पटक रु २५,०००।— (पचीस हजार)
२. ट्याक्टर प्रति पटक रु १५,०००।— (पन्ध्र हजार)

पुनश्चः नगरपालिका भित्रका सडक तथा अन्य आयोजनाहरुको निर्माण कार्य तथा निर्माण सामाग्रीहरु ढुवानी गर्न उल्लेखित साधनहरु आवश्यक परेमा सम्बन्धित वडाको सिफारिसका आधारमा यस नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र सञ्चालन गर्न सकिने व्यहोरा समेत सूचित गरिन्छ।

..........२०७६.२.३०.....
(प्रणराज न्यौपाने)
नि. प्रमुख प्रशासकीय अधिकृत

Web Site: mandandeupurmun.gov.np
E-mail: mandandeupurmu@gmail.com